बैठक संख्याः १३-२०८२/८३
बैठक मितिः २०८३/३/९, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

आज मिति २०८३/३/९ गते (ने.सं. ११४६, तछलाथ्व ९) मङ्गलबार पूर्वान्ह ९:३० बजे धर्मदेवी नगरपालिकाका नगर प्रमुख श्री उदय चन्द्र पौडेलज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

उपस्थितः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री उदय चन्द्र पौडेल | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा महत (भट्टराई) | नगर उपप्रमुख | |
| ३ | श्री जगत बहादुर कार्की | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री गजेन्द्र बहादुर जिमी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री श्याम बहादुर पौडेल | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री बद्री बहादुर घिमिरे | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री राम बहादुर मगर | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री लक्ष्मीप्रसाद अधिकारी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री नविन जिमी | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुमन नेपाल | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री चित्र कुमार कार्की | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री लाल माया जिमी | कार्यपालिका सदस्य | |
| १३ | श्री विष्णु माया मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री मिता राई | कार्यपालिका सदस्य | |
| १५ | श्री प्रेमिका जिमी | कार्यपालिका सदस्य | |
| १६ | श्री अञ्जली जिमी | कार्यपालिका सदस्य | |
| १७ | श्री रुद्र बहादुर सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रकाश गुरुङ्ग | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री विपिन भण्डारी | इन्जिनियर | |
| २ | श्री बिरोध नेपाल | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री ज्ञानु श्रेष्ठ | जनस्वास्थ्य निरीक्षक | |
| ४ | श्री राजेश गिरी | आर्थिक प्रशासन प्रमुख | |
| ५ | श्री दिपक कुमार ढुङ्गेल | नायब सुब्बा | |
| ६ | श्री विपुल सुवेदी | कम्प्युटर अपरेटर | |

बैठक संख्याः १३-२०८२/८३
**बैठक मितिः** २०८३/३/९, **समयः** पूर्वान्ह ९:३० बजे
**स्थानः** धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

**प्रस्तावहरुः**

१. गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
२. गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण सम्बन्धमा।
३. चालु आर्थिक वर्ष सम्म हुने आम्दानी र खर्चको संशोधित अनुमान सम्बन्धमा।
४. आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश गर्ने सम्बन्धमा।
५. आगामी आर्थिक वर्षको लागि प्रस्तावित आर्थिक विधेयक सभामा पेश गर्ने सम्बन्धमा।
६. आगामी आर्थिक वर्ष २०८३/८४ को अनुमानित बजेट सिलिङ तथा बजेट व्यवस्थापन सम्बन्धमा।
७. बजेट पारित गर्ने कार्य तालिका सम्बन्धमा।
८. योजनाको म्याद थप सम्बन्धमा।
९. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं. (१) माथि छलफल गर्दा यसभन्दा अघि भएका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको साथै कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु कार्यान्वयन गर्दै लैजाने ।
२. प्रस्ताव नं. (२) उपर छलफल गर्दा गत आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको देहाय बमोजिमको यथार्थ विवरण स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम आगामी सोह्रौं नगर सभाको बैठकमा जानकारीका लागि पेश गर्ने।

**आर्थिक वर्ष २०८१/८२ आय विवरण**

| क.सं. | स्रोत | वार्षिक अनुमानित आय (रु.) | गत महिनासम्मको आम्दानी (रु.) | यस महिनाको आम्दानी (रु.) | कुल आम्दानी (रु.) | बाँकी (रु.) |
|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान | ११,४६,००,००० | १०,५१,५६,९६० | ० | १०५१५६,९६० | ९४४३०४० |
| २ | नेपाल सरकार - सशर्त अनुदान : नेपाल सरकार - नगद अनुदान | १७,३२,७३,५०० | १७,३२,८८,००० | -१४,५०० | १७३२७३,५०० | ० |
| ३ | नेपाल सरकार - शसर्त | ५६,२१,००० | ५६,२१,००० | ० | ५६,२१,००० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुदान चालु : आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | | | | | |
| ४ | नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | ४३,००,००० | २०,५०,००० | २२,५०,००० | ४३,००,००० | ० |
| ५ | नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. सोधभर्ना हुने ऋण (बैदेशिक) | ५७,००,००० | २८,५०,००० | २८,५०,००० | ५७,००,००० | ० |
| ६ | नेपाल सरकार - शसर्त अनुदान चालु : युरोपियन युनियन - नगद अनुदान (बैदेशिक) | ३,००,००० | ० | ३,००,००० | ३,००,००० | ० |
| ७ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत : आन्तरिक ऋण नगद (आन्तरिक ऋण) | २०,००,००० | २०,००,००० | ० | २०,००,००० | ० |
| ८ | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत : आन्तरिक ऋण नगद (आन्तरिक ऋण) | ५०,००,००० | ३५,४६,४४६ | ६,००,७५३ | ४१,४७,१९९ | ८५२८०१ |
| ९ | कोशी प्रदेश - समानिकरण | ७२,७९,००० | ५४,५९,२५० | १८,१९,७५० | ७२,७९,००० | ० |

**बैठक संख्याः** १३-२०८२/८३
**बैठक मितिः** २०८३/३/९, **समयः** पूर्वान्ह ९:३० बजे
**स्थानः** धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुदान : कोशी प्रदेश - नगद अनुदान | | | | | |
| १० | कोशी प्रदेश - शसर्त अनुदान चालु : कोशी प्रदेश - नगद अनुदान | २१,७०,००० | १६,२७,५०० | ५,४२,५०० | २१,७०,००० | ० |
| ११ | कोशी प्रदेश - शसर्त अनुदान पुँजीगत : कोशी प्रदेश - नगद अनुदान | ५९,००,००० | ४४,२५,००० | १४,७५,००० | ५९,००,००० | ० |
| १२ | कोशी प्रदेश - समपुरक अनुदान पुँजीगत : कोशी प्रदेश - नगद अनुदान | १,२५,००,००० | १,०५,५९,७३५ | २८३,६७२ | १०८,४३,४०७ | १६५६५९३ |
| १३ | राजस्व बाँडफाँड - प्रदेश सरकार - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ३९,०९,००० | ३३,१८,२०३ | ९५,३९२०.०३ | ४२,७२,१२३.०३ | -३६३१२३.०३ |
| १४ | राजस्व बाँडफाँड - स्थानीय - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - स्थानीय - नगद | १६,१६,२५० | ० | १,९२,३३८९.४ | १९,२३,३८९.४ | -३०७१३९.४ |
| १५ | राजस्व बाँडफाँड - संघीय सरकार - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - | ८,५३,००,००० | ६,९२,९८,५४७.६६ | ९८,६१,१४६.७२ | ७९१,५९,६९४.३८ | ६१४०३०५.६२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संघीय सरकार -नगद | | | | | |
| १६ | आन्तरिक श्रोत - आन्तरिक श्रोत : आन्तरिक श्रोत - नगद | ७४,०५,२८१ | २४,५४,४५७.१२ | ३६,६४,२४१.६७ | ६१,१८,६९८.७९ | १२८६५८२.२१ |
| १७ | आन्तरिक श्रोत - नगद : आन्तरिक श्रोत – नगद | १ | ० | ० | ० | ० |
| १८ | आन्तरिक श्रोत - बैंक मौज्दात : आन्तरिक श्रोत - नगद | ४,८७,०८,६९९.५९ | ४,८७,०८,६९९.५९ | १ | ४८७,०८,७००.५९ | -१ |
| जम्मा | | ४,८५,५८,२७३१.६ | ४,४०,३६३,७९८.४ | २,६५,०९,८७३.८२ | ४६,६८,७३,६७२.२ | १८७०९०५८.४ |

## आर्थिक वर्ष २०८१/८२ व्यय विवरण

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन (रु.) | खर्च (रु.) | खर्च % | मौज्दात (रु.) |
|---|---|---|---|---|---|
| १ | **आर्थिक विकास** | **१२६६००००** | **११४१७१७०** | **९०.१८** | **१२४२८३०** |
| १.१ | कृषि | ६०१०००० | ५८५४३८३ | ९७.४१ | १५५६१७ |
| १.२ | उद्योग | १३००००० | ९६१५८४ | ७३.९७ | ३३८४१६ |
| १.३ | सहकारी | १०००००० | ३९७१०० | ३९.७१ | ६०२९०० |
| १.४ | जलस्रोत तथा सिंचाई | २२५०००० | २१४५४८० | ९५.३५ | १०४५२० |
| १.५ | पशुपन्छी विकास | २१००००० | २०५८६२३ | ९८.०३ | ४१,३७७.०० |
| २ | **सामाजिक विकास** | **२२६२४६५००** | **१९७१७७५१२.२** | **८७.१५** | **२९०६८९८७.८** |
| २.१ | शिक्षा | १४५०२८००० | १२७४२३५९२ | ८७.८६ | १७६०४४०८ |
| २.२ | स्वास्थ्य | ३२३१२५०० | २४३१६६३८.२ | ७५.२५ | ७९९५८६१.८ |
| २.३ | खानेपानी तथा सरसफाइ | ५२९५००० | ५००५९७२ | ९४.५४ | २८९०२८ |
| २.४ | भाषा तथा संस्कृति | १५०००० | १४९९२० | ९९.९५ | ८० |
| २.५ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | २२५५००० | १४२८६०९ | ६३.३५ | ८२६३९१ |
| २.६ | युवा तथा खेलकुद | ४६५०००० | ३९७८१३८ | ८५.५५ | ६७१८६२ |
| २.७ | सामाजिक सुरक्षा तथा संरक्षण | ३६५५६००० | ३४८७४६४३ | ९५.४ | १६८१३५७ |
| ३ | **पूर्वाधार विकास** | **१४०३७१७५५.५९** | **७६९७०६२२** | **५४.८३** | **६३४०११३३.५९** |
| ३.१ | यातायात पूर्वाधार | ५१२००००० | ३७१९०३५१ | ७२.६४ | १४००९६४९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.२ | भवन आवास तथा सहरी विकास | ३५५00000 | ११४७४९१९ | ३२.३२ | २४०२५०८१ |
| ३.३ | ऊर्जा | ५०,000.00 | 0 | 0 | ५०,000.00 |
| ३.४ | सञ्चार पूर्वाधार | ४९५0000 | ४५५२४६५ | ९१.९७ | ३९७५३५ |
| ३.५ | विज्ञान तथा प्रविधि | ५00000 | ४९६९६५ | ९९.३९ | ३,०३५.00 |
| ३.६ | पुनर्निर्माण | ४८१७१७५५.५९ | २३२५५९२२ | ४८.२८ | २४९१५८३३.५९ |
| ४ | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **१२७४९०००** | **९४४०३०३** | **७४.१** | **३३०८६९७** |
| ४.१ | विपद् व्यवस्थापन | ३00000 | २९१000 | ९७ | ९000 |
| ४.२ | मानव संसाधन विकास | १00000 | ९९,५७३.00 | ९९.५७ | ४२७ |
| ४.३ | कानुन तथा न्याय | १000000 | ६३८९३० | ६३.८९ | ३६१०७० |
| ४.४ | शासन प्रणाली | ४00000 | 0 | 0 | ४00000 |
| ४.५ | तथ्याङ्क प्रणाली | १३३0000 | ११००५३० | ८२.७५ | २२९४७० |
| ४.६ | श्रम तथा रोजगारी | ७८६९000 | ६३७५४५५ | ८१.०२ | १४९३५४५ |
| ४.७ | योजना तर्जुमा र कार्यान्वयन | ७५0000 | २९१९६५ | ३८.९३ | ४५८०३५ |
| ४.८ | अनुगमन तथा मूल्याङ्कन | ५00000 | ४९२९00 | ९८.५८ | ७,१००.00 |
| ४.९ | प्रशासनिक सुशासन | ५00000 | १४९९५० | २९.९९ | ३५००५० |
| ५ | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **९३५५५४६४** | **७४९५१६४९.६२** | **८०.११** | **१८६०३८१४.३८** |
| ५.१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९३५५५४६४ | ७४९५१६४९.६२ | ८०.११ | १८६०३८१४.३८ |
| | जम्मा | ४८५५८२७१९.५९ | ३६९९५७२५६.८२ | ७६.१८ | ११५६२५४६२.७७ |

३. प्रस्ताव नं. (३) उपर छलफल गर्दा चालु आर्थक वर्ष २०८२/८३ सम्म हुने आम्दानी र खर्चको संशोधित अनुमान देहाय बमोजिम हुने भएकोले सोको जानकारी सहित नगरसभामा पेश गर्ने।

बैठक संख्याः १३-२०८२/८३
बैठक मितिः २०८३/३/९, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

## चालु आ.व. २०८२/८३ सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान

| क्र.सं. | स्रोत | चालु आ.व. सम्म प्राप्त हुने आम्दानी (रु.) | चालु आ.व. सम्म हुने खर्चको संशोधित अनुमान (रु.) |
|---|---|---|---|
| १ | नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार नगद अनुदान | १०,५८,०७,६५० | १०,५८,०७,६५० |
| २ | नेपाल सरकार - शसर्त अनुदान चालु : नेपाल सरकार - नगद अनुदान | १८,१९,००,००० | १८,१९,००,००० |
| ३ | नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. सोधभर्ना अनुदान (बैदेशिक) | २५,४६,००० | २५,४६,००० |
| ४ | नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. सोधभर्ना हुने ऋण (बैदेशिक) | ७७,००,००० | ७७,००,००० |
| ५ | नेपाल सरकार - शसर्त अनुदान चालु : युरोपियन युनियन नगद अनुदान (बैदेशिक) | २,४०,००० | २,४०,००० |
| ६ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत आन्तरिक ऋण नगद (आन्तरिक ऋण) | २५,००,००० | २५,००,००० |
| ७ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत : स्वीट्जरल्याण्ड एस डी सी - नगद अनुदान (बैदेशिक) | २२,००,००० | २२,००,००० |
| ८ | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत : आन्तरिक ऋण नगद (आन्तरिक ऋण) | ३१,३८,४७८ | ३१,३८,४७८ |
| ९ | कोशी प्रदेश - समानिकरण अनुदानः कोशी प्रदेश - नगद अनुदान | १,११,०५,००० | १,११,०५,००० |
| १० | कोशी प्रदेश - शसर्त अनुदान चालु : कोशी प्रदेश - नगद अनुदान | ४३,२५,००० | ४३,२५,००० |
| ११ | कोशी प्रदेश - शसर्त अनुदान पुँजीगत : कोशी प्रदेश - नगद अनुदान | १,०५,७०,००० | १,०५,७०,००० |
| १२ | कोशी प्रदेश - समपुरक अनुदान पुँजीगत : कोशी प्रदेश - नगद अनुदान | ८,८३,००० | ८,८३,००० |
| १३ | राजस्व बाँडफाँड - प्रदेश सरकार राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - प्रदेश सरकार -नगद | १९,३२,१९४.७८ | १९,३२,१९४.७८ |
| १४ | राजस्व बाँडफाँड - स्थानीय राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - स्थानीय - नगद | ० | ० |
| १५ | राजस्व बाँडफाँड - संघीय सरकार राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ६,१४,२०,४४३.८४ | ६,१४,२०,४४३.८४ |
| १६ | आन्तरिक श्रोत - आन्तरिक श्रोतः आन्तरिक श्रोत - नगद | ० | ० |

| | | | |
|---|---|---|---|
| १७ | आन्तरिक श्रोत - बैंक मौज्दात : आन्तरिक श्रोत - नगद | ७,०५,३३,९७५.५७ | ७,०५,३३,९७५.५७ |
| **जम्मा** | | ४६,६८,०१,७४२.१९ | ४६,६८,०१,७४२.१९ |

४. प्रस्ताव नं. (४) उपर छलफल गर्दा नगर कार्यपालिका मातहतका विभिन्न विषयगत समितिहरुको सुझाव समेतका आधारमा तयार भएको आगामी आर्थिक वर्ष २०८३/८४ का लागि यस नगरपालिकाबाट प्रस्तुत हुने देहाय बमोजिमको नीति तथा कार्यक्रम स्वीकृत गरी मिति २०८३/३/१० बाट प्रारम्भ हुने नगरसभाको सोह्रौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

## धर्मदवी नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

धर्मदेवी नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा सम्पूर्ण नगरवासीप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।
यस अवसरमा मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै लोकतन्त्र, सामाजिक न्याय, समावेशिता तथा नागरिक अधिकार स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलन तथा सङ्घर्षहरूमा योगदान पुर्‍याउनुहुने अग्रजहरू, बेपत्ता परिवार, घाइते तथा अपाङ्गता भएका नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दीगो विकासका लक्ष्य, चालु आवधिक योजना, सङ्घ तथा प्रदेश सरकारका नीति तथा प्राथमिकता, नगरपालिकाको दीर्घकालिन योजना तथा नगरवासी जनताको आवश्यकता र अपेक्षालाई आधार बनाई यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। बदलिँदो विकासात्मक परिवेश, नागरिकका बढ्दो अपेक्षा, सीमित स्रोत-साधन तथा सेवा प्रवाहमा गुणस्तरीय सुधारको आवश्यकतालाई मध्यनजर गर्दै नगरपालिकालाई विधि, पद्धति र प्रणालीमा आधारित, उत्तरदायी, पारदर्शी, प्रविधिमैत्री तथा सक्षम स्थानीय सरकारका रूपमा संस्थागत गर्दै लैजानु हिजो, आज र भोलिको प्रमुख आवश्यकता हो।

नगरपालिकाको दीर्घकालिन लक्ष्य बमोजिम नीतिगत, कानूनी तथा कार्यविधिगत व्यवस्थाहरूलाई थप सुदृढ गर्दै संस्थागत सुशासन, वित्तीय अनुशासन, प्रभावकारी सेवा प्रवाह, जवाफदेहिता तथा नागरिकमैत्री प्रशासनको विकास मार्फत नगरपालिकालाई एक सक्षम, दिगो र विश्वासयोग्य (Viable) संस्थाका रूपमा विकास गर्ने दिशामा यो नीति तथा कार्यक्रम केन्द्रित रहेको छ।

नगरपालिकासँग एकातर्फ नागरिकका दैनिक आवश्यकता तथा आधारभूत सेवासँग सम्बन्धित विषयहरूलाई संवेदनशीलतापूर्वक सम्बोधन गर्नुपर्ने दायित्व रहेको छ भने अर्कोतर्फ दीर्घकालीन सोचका साथ पूर्वाधार विकास, आर्थिक समृद्धि, सामाजिक रूपान्तरण, वातावरणीय संरक्षण तथा

संस्थागत सुदृढीकरण मार्फत समग्र विकासलाई दिगो र व्यवस्थित बनाउँदै लैजानुपर्ने आवश्यकता रहेको छ।

यस सन्दर्भमा सम्पूर्ण धर्मदेवीवासी नागरिकलाई लोकतन्त्रका प्रतिफलहरूको न्यायोचित वितरण गर्न, स्थानीय सरकारप्रतिको विश्वासलाई थप मजबुत बनाउन, उत्पादन, उद्यमशीलता र रोजगारीमा आधारित आर्थिक वृद्धि हासिल गर्न, भ्रष्टाचार नियन्त्रण गरी हरेक क्षेत्रमा सुशासन कायम गर्न तथा स्थानीय आवश्यकता र प्राथमिकतालाई केन्द्रमा राखी समावेशी एवं सन्तुलित विकास सुनिश्चित गर्न नगरपालिका दृढ प्रतिबद्ध रहेको छ।

स्थानीय सरकारप्रति सिर्जना गरिएका नकारात्मक भ्रम तथा अफवाहलाई तथ्य, पारदर्शिता र परिणाममुखी कार्यसम्पादनबाट चिर्दै नागरिकले अनुभूति गर्ने प्रकारको प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनलाई केन्द्रमा राखेर आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तयार गरिएको छ। यस नीति तथा कार्यक्रमले "सुशासित, समृद्ध, समावेशी र दिगो धर्मदेवी" निर्माणको साझा सङ्कल्पलाई व्यवहारमा रूपान्तरण गर्ने विश्वास लिइएको छ।

<u>सुशासन तथा संस्थागत विकास तर्फ</u>

१. स्थानीय आवश्यकता, जनअपेक्षा तथा नगरपालिकाको दीर्घकालीन विकास लक्ष्यलाई आधार बनाई दीगो, पर्यावरण उत्थानशील तथा सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई थप प्रभावकारी बनाइनेछ।

२. नगरका गौरव, रूपान्तरणकारी तथा उच्च प्रतिफलयुक्त आयोजनाहरूलाई प्राथमिकता दिई स्रोत तथा साधनको अधिकतम उपयोग गरिनेछ।

३. यस नगरपालिकाबाट प्रस्तावित आयोजना बैंक सम्बन्धी सूचना व्यवस्थापन प्रणाली (कोशी प्रदेश) मा आबद्ध योजनाहरुलाई समेत सम्बोधन हुने गरी योजना छनोट, कार्यान्वयन तथा अनुगमन प्रक्रियामा वडाको वस्तीस्तर, वडा समिति, विषयगत समिति तथा सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ।

४. उपलब्ध स्रोतको यथार्थपरक आंकलनका आधारमा परिणाममुखी तथा कार्यसम्पादनमा आधारित बजेट प्रणाली अवलम्बन गरिनेछ।

५. दिगो विकास लक्ष्य, जलवायु परिवर्तन अनुकूलन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई योजना तथा बजेट प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ।

६. नगरपालिका तथा मातहतका कार्यालयबाट सम्पादन हुने सेवा प्रवाह तथा निर्णय प्रक्रियालाई पारदर्शी, उत्तरदायी तथा जवाफदेही बनाइनेछ।

७. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा नागरिक संवाद कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गरिनेछ।

८. सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी नागरिकको सूचनामा पहुँच सुनिश्चित गरिनेछ।

९. नीति, कार्यक्रम, बजेट, प्रगति विवरण तथा सार्वजनिक सरोकारका विषयहरू नियमित रूपमा सार्वजनिक गरिनेछ।

१०. गुनासो व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री र प्रभावकारी बनाउँदै प्राप्त सुझाव तथा गुनासाहरूको तत्काले सम्बोधन गरिनेछ।

११. नगरपालिका पदाधिकारी तथा कर्मचारीको जवाफदेहिता अभिवृद्धि गर्न कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

१२. नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत समग्र सङ्गठनात्मक ढाँचा, सो अन्तर्गत रहने शाखा तथा कार्यालयहरु र सो अन्तर्गतका दरबन्दीमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको काम, कर्तव्य, अधिकार, उत्तरदायित्व, कार्यसम्पादन सूचक र सूचकको आधार (स्रोत) वस्तुगत रुपमा परिभाषित गर्दै स्थानीय सरकारको संस्थागत क्षमता अभिवृद्धि गरी सुशासनमैत्री प्रशासनिक प्रणालीको विकास गरिनेछ।

१३. कर्मचारीको क्षमता विकास, पेशागत दक्षता तथा उत्प्रेरणा अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

१४. कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणालीलाई प्रोत्साहन गरी नतिजामुखी प्रशासनिक संस्कृतिको विकास गरिनेछ। नगरपालिकाले तयार गरेको "*धर्मदेवी नगरपालिकाको प्रशासनिक तथा वित्तीय सुशासन कार्यसञ्चालन निर्देशिका, २०८३*" को कानूनी मस्यौदा प्रस्तुत अधिवेशनबाटै पारीत गरी कार्यान्वयनमा ल्याइनेछ ।

१५. आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापन प्रक्रियालाई नीतिगत, कानूनी तथा संस्थागत प्रबन्ध गरी सुदृढ बनाइनेछ।

१६. नीति निर्माण तथा निर्णय प्रक्रियामा तथ्य, तथ्याङ्क र प्रमाणमा आधारित सूचना प्रविधिमैत्री प्रणालीलाई संस्थागत गरिनेछ।

१७. नगरवासीमैत्री, सरल, सहज, गुणस्तरीय तथा प्रविधिमैत्री सेवा प्रवाह प्रणालीको विकास गरिनेछ।

१८. डिजिटल प्रविधिको अधिकतम उपयोग गरी विद्युतीय सेवा प्रवाह (E-Governance) लाई विस्तार गरिनेछ।

१९. एकद्वार सेवा प्रणाली तथा अनलाइन सेवा व्यवस्थापनलाई क्रमशः प्रभावकारी तथा संस्थागत बनाइनेछ।

२०. सेवा प्रवाहमा लाग्ने समय, लागत तथा प्रक्रियागत जटिलता न्यूनीकरण गरी सरलीकृत सेवा प्रवाह प्रणाली प्रवर्द्धन गरिनेछ।

२१. सेवा प्रवाहमा उत्कृष्टता कायम गर्न सेवा प्रवाहको वस्तुगत मापदण्डको प्रवन्ध गरी सोको अक्षरस कार्यान्वयन सुनिश्चित गरिनेछ।

२२. दुर्गम तथा पहुँचविहीन क्षेत्रका नागरिकलाई लक्षित गरी घुम्ती तथा पहुँचयुक्त सेवा कार्यक्रम सञ्चालन गरिनेछ।

२३. महिला, अपाङ्गता भएका नगरवासी लगायत आर्थिक तथा सामाजिक रुपमा सीमान्तकृत नागरिकहरुलाई सहुलियत तथा प्रोत्साहन हुने गरी आन्तरिक राजस्वको दायरा वृहत् रुपमा विस्तार गर्दै नगरपालिकाको वित्तीय आत्मनिर्भरता अभिवृद्धि गरिनेछ।

२४. कर तथा गैरकर राजस्व प्रशासनलाई अझ बढी सरलीकृत तथा विकेन्द्रीकृत प्रणाली तथा संरचना मार्फत प्रविधिको उच्चतम उपयोग गर्दै पारदर्शी तथा व्यवस्थित बनाई नगरवासीहरुलाई स्वचालित कर तिर्ने प्रवृत्तिको विकास प्रवर्द्धन हुने गरी संरचनागत तथा प्रणालीगत प्रबन्ध गरिनेछ।

२५. सार्वजनिक खर्चलाई उत्पादनशील उपयोग वृद्धि हुने गरी अझ बढी मितव्ययी, पारदर्शी, प्रभावकारी तथा नतिजामुखी बनाइनेछ।

२६. बेरुजु न्यूनीकरण तथा वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाइनेछ।

२७. सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धी, पारदर्शी तथा कानुनसम्मत बनाइनेछ। प्रचलित कानूनको अधीनमा रही नगरपालिकाको आफ्नै सार्वजनिक खरिद नियमावली मार्फत खरिद कार्यलाई वस्तुगत तथा मापदण्डसम्मत बनाइनेछ।

२८. वित्तीय प्रतिवेदन तथा लेखाङ्कन प्रणालीलाई पूर्ण रूपमा व्यवस्थित तथा सूचना प्रविधिमा आधारित बनाइनेछ।

२९. सङ्घ, प्रदेश तथा स्थानीय तहबीचको समन्वय र अन्तरसरकारी सम्बन्धलाई थप सुदृढ बनाइनेछ।

३०. विकास निर्माण, सेवा प्रवाह तथा क्षमता विकासका क्षेत्रमा सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदारहरूसँग सहकार्य विस्तार गरिनेछ।

३१. छिमेकी स्थानीय तहहरूसँग साझा सरोकारका विषयमा अन्तरपालिका सहकार्य र साझेदारी प्रवर्द्धन थप मजबुत बनाइनेछ।

३२. युवा, नागरिक समाज, समुदाय, सहकारी संस्था तथा निजी क्षेत्रसँगको साझेदारी मार्फत विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

३३. विपद् व्यवस्थापन, वातावरण संरक्षण, पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकासका क्षेत्रमा बहुपक्षीय समन्वय तथा सहयोगलाई प्रोत्साहन गरिनेछ।

३४. नगर विकासका प्राथमिकता प्राप्त क्षेत्रमा बाह्य लगानी, प्राविधिक सहयोग तथा स्रोत परिचालनका अवसरहरू खोजी गरिनेछ।

३५.

बैठक संख्याः १३-२०८२/८३
बैठक मितिः २०८३/३/९, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

सामाजिक विकास तर्फ

३६. प्रत्येक नागरिकलाई स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खानेपानीको पहुँच सुनिश्चित गर्न खानेपानी आयोजना विस्तार तथा स्तरोन्नति गरिनेछ।

३७. खानेपानीका मुहान, जलाधार तथा स्रोत क्षेत्रहरूको संरक्षण, पुनर्भरण र दिगो व्यवस्थापनमा विशेष जोड दिइनेछ।

३८. खानेपानी उपभोक्ता समितिहरूको संस्थागत क्षमता अभिवृद्धि गरी दिगो सञ्चालन तथा व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ।

३९. जलवायु परिवर्तन तथा विपद्का कारण खानेपानी सेवामा पर्न सक्ने असर न्यूनीकरणका लागि अनुकूलनका कार्यक्रम सञ्चालन गरिनेछ।

४०. सबै नागरिकलाई सुरक्षित, स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्न जलवायु उत्थानशील, समावेशी तथा दिगो N-WASH अवधारणामा आधारित WASH Plan स्वीकृत, कार्यान्वयन तथा पूर्णता दिइनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरी WASH-MIS प्रणाली नियमित रूपमा अद्यावधिक गरिनेछ।

४१. WASH Plan का लक्ष्यहरू हासिल गर्न खानेपानी तथा सरसफाई क्षेत्रमा लगानी अभिवृद्धि, सेवा गुणस्तर सुधार तथा सुशासन प्रवर्द्धन गरिनेछ। विद्यमान खानेपानी आयोजनाहरूको स्तरोन्नति, मर्मतसम्भार तथा दिगो सञ्चालन व्यवस्थालाई विशेष प्राथमिकता दिइनेछ।

४२. खानेपानीको गुणस्तर सुनिश्चित गर्न नियमित पानी परीक्षण, प्रयोगशाला सेवामा पहुँच तथा अनुगमन प्रणालीलाई सुदृढ बनाइनेछ। साथै घरायसी तहमा सुरक्षित पानी प्रयोग, पानी शुद्धीकरण तथा सरसफाई व्यवहार प्रवर्द्धनका लागि जनचेतना तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

४३. ठोस फोहोर तथा दिशाजन्य लेदोको सुरक्षित व्यवस्थापनका लागि आवश्यक नीतिगत व्यवस्था, जलवायु अनुकूल प्रविधि तथा दिगो सरसफाई चक्रको विकास गरिनेछ। निजी क्षेत्रसँग साझेदारीमा सङ्कलन, ढुवानी तथा व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाइनेछ र अनियन्त्रित फोहोर विसर्जन नियन्त्रण गरी फोहोरजन्य वस्तुको स्रोत मै वर्गीकरण हुने व्यवस्था मिलाई व्यवस्थित डम्पिङ साइट मार्फत सञ्चालन तथा व्यवस्थापनमा जोड दिइनेछ।

४४. खुला दिसामुक्त अवस्थाको दिगोपना कायम गर्दै पूर्ण सरसफाइ अभियानलाई थप सुदृढ बनाइनेछ।

४५. विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलहरूमा सुरक्षित खानेपानी, शौचालय तथा सरसफाइ सुविधाको थप विस्तार गरिनेछ।

४६. फोहोरमैला व्यवस्थापन, ढल निकास तथा वातावरणीय सरसफाइलाई व्यवस्थित गरी स्वस्थ जीवनशैलीको प्रवर्द्धन गरिनेछ।

४७. समुदायमा सरसफाई, व्यक्तिगत स्वास्थ्य तथा स्वच्छ व्यवहार सम्बन्धी जनचेतनामूलक कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ।

४८. गुणस्तरीय, समावेशी, जीवनोपयोगी तथा प्रविधिमैत्री शिक्षाको विकासलाई प्राथमिकतामा राखिनेछ।

४९. विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक क्षमता विकास, परीक्षा प्रणालीको स्तरीकरण, अभिभावक सचेतना, शैक्षिक नेतृत्व सुदृढीकरण तथा नियमित शैक्षिक अनुगमनलाई विधि र प्रणालीसम्मत हुने गरी थप प्रभावकारी बनाइनेछ।

५०. विद्यालयको भौतिक, शैक्षिक तथा सूचना प्रविधि पूर्वाधारको विकास तथा आधुनिकीकरण गरिनेछ।

५१. प्रारम्भिक बालविकास शिक्षालाई थप व्यवस्थित, गुणस्तरीय तथा बालमैत्री बनाइनेछ। नगरपालिकामा सञ्चालित "प्रारम्भिक बाल शिक्षा तथा विकास मार्फत सामुदायिक विद्यालयहरुको आधारभूत शिक्षामा सुधार (ECED)" परियोजनालाई थप मजबुत बनाउँदै सो परियोजनामा लागत साझेदारी गरी नगरपालिकाको एकद्वार प्रणालीबाट कार्यान्वयनमा ल्याई प्रारम्भिक बाल शिक्षा र शैक्षिक विकास प्रणालीलाई अझ सुदृढ बनाइनेछ ।

५२. विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालय पहुँच तथा निरन्तरतामा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५३. सामुदायिक विद्यालयप्रति अभिभावक तथा समुदायको विश्वास अभिवृद्धि गर्न नवप्रवर्तनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

५४. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरी शिक्षालाई रोजगार र उद्यमशीलतासँग आबद्ध गरिनेछ।

५५. प्रतिभाशाली, विपन्न, दलित, अपाङ्गता भएका, महिला तथा लक्षित वर्गका विद्यार्थीका लागि "*धर्मदेवी नगरपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०८३*" बमोजिम छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

५६. स्थानीय भाषा, कला, संस्कृति, इतिहास तथा मौलिक ज्ञानलाई शैक्षिक प्रक्रियामा प्रवर्द्धन गरिनेछ।

५७. सबै नागरिकलाई गुणस्तरीय, पहुँचयोग्य तथा आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ।

५८. स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार, उपकरण, औषधि तथा जनशक्ति व्यवस्थापनलाई सुदृढ बनाइनेछ। ५ शैयाको आधारभूत अस्पताल आगामी आर्थिक वर्षबाट सञ्चालनमा ल्याइनेछ।

**बैठक संख्याः** १३-२०८२/८३
**बैठक मितिः** २०८३/३/९, **समयः** पूर्वान्ह ९:३० बजे
**स्थानः** धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

५९. मातृ तथा शिशु स्वास्थ्य, पोषण, खोप तथा सुरक्षित मातृत्व कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

६०. नसर्ने रोग, मानसिक स्वास्थ्य, ज्येष्ठ नागरिक स्वास्थ्य तथा किशोरकिशोरी स्वास्थ्य कार्यक्रमलाई विस्तार गरिनेछ।

६१. स्वास्थ्य सेवामा सूचना प्रविधिको प्रयोग तथा विद्युतीय स्वास्थ्य अभिलेख प्रणालीको विकास गरिनेछ।

६२. समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्न स्वास्थ्य शिक्षा तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६३. स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि तथा आधारभूत स्वास्थ्य सामग्रीको नियमित उपलब्धता सुनिश्चित गरिनेछ।

६४. महामारी, प्रकोप तथा स्वास्थ्य आपतकालीन अवस्थाको पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धि गरिनेछ।

६५. बहुक्षेत्रीय समन्वय मार्फत कुपोषण न्यूनीकरण तथा स्वस्थ जीवनशैली प्रवर्द्धन गरिनेछ।

६६. विकासका बहुआयामिक पक्षहरुमा समाजका सबै वर्ग, क्षेत्र, समुदाय तथा समूहको समान पहुँच, सहभागिता र अवसर सुनिश्चित गरिनेछ।

६७. महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक समुदाय तथा आर्थिक-सामाजिक रुपमा पछाडी परेका वर्ग, क्षेत्र र समुदायका नागरिकको सामाजिक अन्तरघुलन र सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

६८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई स्थानीय शासन तथा विकास प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ।

६९. सामाजिक सुरक्षा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्दै लक्षित वर्गको सहज पहुँच सुनिश्चित गरिनेछ।

७०. बाल अधिकार संरक्षण, बालमैत्री स्थानीय शासन तथा बालविवाह, बालश्रम र हिंसा विरुद्धका कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गरिनेछ।

७१. महिला तथा बालबालिका माथि हुने हिंसा, विभेद, दुर्व्यवहार तथा मानव बेचबिखन न्यूनीकरणका लागि रोकथाम तथा संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

७२. अपाङ्गता भएका व्यक्तिको सम्मानजनक जीवन, पहुँचयुक्त सेवा तथा सहभागिता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै नगरपालिकाबाट निर्माण हुने भौतिक तथा सामाजिक पूर्वाधार निर्माण गर्दा अपाङ्गमैत्री हुने गरी व्यवस्थापन गरिनेछ।

७३. ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा तथा सामाजिक संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

७४. विपन्न तथा जोखिममा रहेका समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

७५. स्थानीय स्तरमा उत्पन्न हुने विवादहरूको छिटो, सहज तथा कम खर्चिलो समाधानका लागि न्यायिक समितिको क्षमता अभिवृद्धि गरिनेछ।

७६. मेलमिलाप केन्द्रहरूको संस्थागत सुदृढीकरण तथा प्रभावकारी परिचालन गरिनेछ।

७७. समुदायमा मेलमिलाप, सहअस्तित्व, सामाजिक सद्भाव तथा शान्तिपूर्ण विवाद समाधान संस्कृतिको विकास गरिनेछ।

७८. न्यायिक समिति तथा मेलमिलापकर्ताहरूको क्षमता विकास तथा नियमित अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

७९. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा कमजोर वर्गको न्यायमा पहुँच सुनिश्चित गर्न विशेष व्यवस्था गरिनेछ।

८०. विवाद व्यवस्थापन तथा मेलमिलाप सम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

८१. न्याय सम्पादन प्रक्रियालाई पारदर्शी, निष्पक्ष, उत्तरदायी तथा नागरिकमैत्री बनाइनेछ।

८२. स्थानीय तहको क्षेत्राधिकारभित्रका विवादहरूको प्रभावकारी व्यवस्थापन मार्फत सामाजिक सद्भाव र सामुदायिक एकता सुदृढ गरिनेछ।

<u>आर्थिक विकास तर्फ</u>

८३. भौगोलिक विविधतायुक्त यस नगरपालिका क्षेत्रको कृषि तथा पशुपालन क्षेत्रमा प्राङ्गारिक विधि तथा रैथाने जातको प्रवर्द्धन गर्दै सोको आधुनिकीकरण, व्यवसायीकरण तथा यान्त्रिकीकरण मार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ।

८४. नगरपालिकाको सम्भावना, हावापानी तथा भूगोल अनुकूल उच्च मूल्यका कृषि तथा पशुजन्य उत्पादनको प्रवर्द्धन तथा बजारीकरण गरिनेछ।

८५. कृषकहरूलाई उन्नत बीउबिजन, प्रविधि, प्राविधिक सेवा तथा कृषि सामग्रीमा सहज पहुँच सुनिश्चित गरिनेछ।

८६. कृषि तथा पशुजन्य उत्पादनको भण्डारण, प्रशोधन, बजारीकरण तथा मूल्य शृङ्खला विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

८७. व्यावसायिक कृषि तथा पशुपालनमा युवा, महिला तथा लक्षित वर्गको आकर्षण बढाउन विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

**बैठक संख्याः** १३-२०८२/८३
**बैठक मितिः** २०८३/३/९, **समयः** पूर्वान्ह ९:३० बजे
**स्थानः** धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

८८. पशु स्वास्थ्य सेवा, कृत्रिम गर्भाधान, नश्ल सुधार तथा पशु रोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

८९. कृषिमा जलवायु परिवर्तनको असर न्यूनीकरण तथा जलवायु उत्थानशील कृषि प्रणालीको विकास गरिनेछ।

९०. सहकारी संस्थाहरूलाई उत्पादन, उद्यमशीलता, वित्तीय पहुँच तथा स्थानीय आर्थिक विकाससँग आबद्ध गरिनेछ।

९१. सहकारी संस्थाको संस्थागत सुशासन, वित्तीय अनुशासन तथा संस्थागत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। साथै, सहकारीको व्यवस्थित प्रशासन गर्दै यसबाट सिर्जना हुने नकारात्मक अवस्थाहरुलाई समय मै सम्बोधन हुने तथा उत्कृष्ट कार्य गर्ने संस्थाहरुलाई प्रोत्साहित हुने गरी नगरपालिका मातहतमा सहकारी शाखाको स्थापना गरी प्रभावकारी समन्वय तथा नियमनका कार्य व्यवस्थित गरिनेछ।

९२. कृषि, पशु तथा सहकारी क्षेत्रबीच अन्तरसम्बन्ध स्थापित गरी उत्पादनमुखी अर्थतन्त्रको विकास गरिनेछ।

९३. स्थानीय रैथाने बाली, पशुजन्य स्रोत तथा जैविक उत्पादनको संरक्षण, प्रवर्द्धन र ब्राण्डिङमा विशेष जोड दिइनेछ।

९४. कृषि उत्पादन वृद्धि तथा खाद्य सुरक्षाका लागि सिँचाइ पूर्वाधारको विस्तार, संरक्षण तथा स्तरोन्नति गरिनेछ।

९५. साना, मझौला तथा सामुदायिक सिँचाइ आयोजनाहरूको निर्माण तथा पुनःस्थापनालाई प्राथमिकता दिइनेछ।

९६. वर्षभरि सिँचाइ सुविधा उपलब्ध गराउन जलस्रोतको संरक्षण, व्यवस्थापन तथा बहुउपयोगी प्रणालीको विकास गरिनेछ।

९७. कृषि योग्य भूमिको संरक्षण तथा उपयोगलाई व्यवस्थित गर्न राष्ट्रिय भू-उपयोग नीतिको अधीनमा रही स्थानीय भू-उपयोग योजना मार्फत यस क्षेत्रको प्रभावकारी कार्यान्वयन गरिनेछ।

९८. बाँझो तथा उपयोगविहीन कृषि भूमिको उत्पादनमूलक उपयोगलाई प्रोत्साहन गरिनेछ।

९९. भूमि व्यवस्थापन, अभिलेखीकरण तथा नक्साङ्कन कार्यमा आधुनिक सूचना प्रविधिको प्रयोग विस्तार गरिनेछ।

१००. नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन चालु आर्थिक वर्ष मै स्वीकृत गरी भूमि व्यवस्था तथा सहकारी शाखा मार्फत जग्गा प्रशासनसँग सम्बन्धित रजिष्ट्रेसन पास, नामसारी, कित्ताकाँट लगायतका सम्पूर्ण सेवा प्रवाह नगरपालिकाबाट नै हुने गरी आवश्यक व्यवस्थापन गरिनेछ।

१०१. पहिरो, भूक्षय तथा प्राकृतिक प्रकोपबाट प्रभावित कृषि भूमि संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

१०२. जलाधार क्षेत्र संरक्षण तथा पानीका स्रोतहरूको पुनर्भरण मार्फत दीर्घकालीन सिँचाइ व्यवस्थापनलाई सुदृढ बनाइनेछ।

१०३. कृषक समूह तथा उपभोक्ता समितिको सहभागितामा सिँचाइ प्रणालीको सञ्चालन तथा मर्मतसम्भारलाई संस्थागत गरिनेछ।

१०४. स्थानीय स्रोत, साधन, सीप तथा सम्भावनामा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१०५. कृषि, पर्यटन, वन, जडीबुटी, हस्तकला तथा सेवा क्षेत्रलाई स्थानीय आर्थिक विकासका प्रमुख आधारका रूपमा प्रवर्द्धन गरिनेछ।

१०६. सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक क्षेत्रबीचको साझेदारीलाई प्रोत्साहन गर्दै आर्थिक गतिविधि विस्तार गरिनेछ।

१०७. स्थानीय बजारको विकास, व्यवस्थापन तथा पूर्वाधार सुदृढीकरण मार्फत आर्थिक क्रियाकलापलाई व्यवस्थित बनाइनेछ।

१०८. नगरभित्र उत्पादन भएका वस्तु तथा सेवाको उपयोग र प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ।

१०९. स्थानीय उद्योग तथा व्यवसायमैत्री वातावरण सिर्जना गरी लगानी आकर्षित गरिनेछ।

११०. वैदेशिक रोजगारीबाट प्राप्त सीप, ज्ञान, अनुभव तथा पूँजीलाई स्थानीय आर्थिक विकासमा परिचालन गरिनेछ।

१११. डिजिटल प्रविधि, नवप्रवर्तन तथा उद्यमशीलतामा आधारित आर्थिक गतिविधिलाई प्रोत्साहन गरिनेछ।

११२. गरिबी न्यूनीकरण तथा आयआर्जन वृद्धि गर्ने लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

११३. स्थानीय स्तरमा रोजगारी सिर्जना तथा स्वरोजगार प्रवर्द्धनलाई आर्थिक विकासको प्रमुख आधारका रूपमा अगाडि बढाइनेछ।

११४. युवा, महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्ग लक्षित उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

११५. सीपमूलक, व्यावसायिक तथा रोजगारमुखी तालिम कार्यक्रमलाई स्थानीय आवश्यकता र बजारको मागसँग आबद्ध गरिनेछ।

११६. नवप्रवर्तनमा आधारित सूक्ष्म, घरेलु तथा साना उद्यमको स्थापना, विस्तार तथा प्रवर्द्धन गरिनेछ।

११७. उद्यमीहरूलाई वित्तीय स्रोत, प्रविधि, परामर्श तथा बजार पहुँचमा सहजीकरण गरिनेछ।

११८. उद्यमशीलता विकासका लागि सहकारी, वित्तीय संस्था तथा निजी क्षेत्रसँग सहकार्य विस्तार गरिनेछ।

११९. स्थानीय निर्माण, कृषि, पर्यटन तथा सेवा क्षेत्रमा रोजगार सिर्जना गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

१२०. वैदेशिक रोजगारबाट फर्किएका युवाहरूको सीप तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१२१. श्रम तथा रोजगार सूचना प्रणालीलाई व्यवस्थित गरी रोजगारदाता र रोजगारी खोज्ने व्यक्तिबीच समन्वय स्थापित गरिनेछ।

१२२. "एक वडा, एक उत्पादन" तथा "एक वडा, एक उद्यम" जस्ता कार्यक्रम मार्फत स्थानीय उत्पादन र रोजगारी प्रवर्द्धन गरिनेछ।

१२३. उद्यमशील संस्कृति विकास गरी आत्मनिर्भर, उत्पादनशील र प्रतिस्पर्धी स्थानीय अर्थतन्त्र निर्माणमा जोड दिइनेछ।

## पूर्वाधार विकास तर्फ

१२४. नगर क्षेत्रभित्रका रणनीतिक तथा स्थानीय सडक सञ्जालको विस्तार, स्तरोन्नति र स्तरीकरणलाई प्राथमिकता दिइनेछ।

१२५. सबै मौसममा सञ्चालनयोग्य स्तरीय सडक पूर्वाधारको विकास गरी नागरिकको सहज आवागमन सुनिश्चित गरिनेछ।

१२६. सडकको दिगो मर्मतसम्भार प्रणालीको विकास गर्दै नियमित मर्मत तथा संरक्षण कार्यलाई संस्थागत गरिनेछ। सोका लागि आवश्यक रकम विनियोजन गरिनेछ।

१२७. सडक निर्माणमा वातावरणमैत्री प्रविधि तथा स्थानीय स्रोतसाधनको उपयोगलाई प्रोत्साहन गरिनेछ।

१२८. ग्रामीण बस्ती, उत्पादन क्षेत्र, बजार केन्द्र तथा सेवा केन्द्रहरूबीचको पहुँच मार्ग सुदृढ बनाइनेछ।

१२९. सडक सुरक्षा, सङ्केत प्रणाली तथा जोखिम न्यूनीकरणका उपायहरूलाई सडक पूर्वाधारसँगै समावेश गरिनेछ।

१३०. पहिरो, भूक्षय तथा प्राकृतिक प्रकोपबाट प्रभावित सडकहरूको पुनःनिर्माण तथा तत्काल पुनः सञ्चालन हुने प्रणाली तथा संयन्त्रको विकास गरिनेछ ।

१३१. पूर्वाधार निर्माण तथा मर्मतमा स्थानीय श्रम, सीप र सामग्रीको अधिकतम उपयोग गरिनेछ। यसका लागि स्थानीयस्तरमा विकास भएका नवप्रवर्तनकारी सोच तथा योजना कार्यान्वयन रणनीतिलाई समेत आन्तरिकीकरण गरिनेछ।

१३२. सार्वजनिक भवनहरूको निर्माण, स्तरोन्नति तथा मर्मत कार्यलाई राष्ट्रिय भवन संहिता बमोजिम भूकम्प प्रतिरोधी हुने गरी मापदण्डमा आधारित रही निर्माण तथा मर्मतसम्भार कार्य अगाडी बनाइनेछ।

१३३. सुरक्षित, अपाङ्गमैत्री तथा बालमैत्री सार्वजनिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ।

१३४. सामुदायिक भवन, सभा हल, खेलमैदान तथा सांस्कृतिक पूर्वाधारहरूको विकास र उपयोग विस्तार गरिनेछ।

१३५. भवन निर्माणमा भवन आचारसंहिता (Building Code) को पूर्ण कार्यान्वयन सुनिश्चित गरिनेछ।

१३६. विपद् जोखिम न्यूनीकरणलाई ध्यानमा राखी सुरक्षित भवन संरचना निर्माणलाई प्रोत्साहन गरिनेछ।

१३७. सार्वजनिक पूर्वाधारको बहुउपयोगी प्रयोग (Multi-Purpose Use) लाई प्रवर्द्धन गरिनेछ।

१३८. शिक्षा, स्वास्थ्य, सामाजिक तथा सांस्कृतिक सेवा प्रवाहसँग सम्बन्धित पूर्वाधारको गुणस्तर सुधार गरिनेछ।

१३९. स्थानीय आवश्यकता अनुसार नयाँ सामाजिक पूर्वाधारको पहिचान, योजना तथा निर्माण गरिनेछ।

१४०. निर्माण भएका पूर्वाधारहरूको दीर्घकालीन उपयोगिता सुनिश्चित गर्न प्रभावकारी सञ्चालन तथा मर्मतसम्भार प्रणाली विकास गरिनेछ।

१४१. पूर्वाधार विकासमा गुणस्तर परीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई कडाइका साथ लागू गरिनेछ।

१४२. सार्वजनिक पूर्वाधारको दिगोपनाका लागि वातावरणीय, सामाजिक तथा आर्थिक पक्षलाई समेटेर योजना कार्यान्वयन गरिनेछ।

१४३. स्थानीय उपभोक्ता समिति तथा सरोकारवालाहरूको सहभागितामा पूर्वाधार व्यवस्थापन प्रणालीलाई संस्थागत गरिनेछ।

१४४. जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरणलाई पूर्वाधार विकासको अभिन्न अङ्गका रूपमा समावेश गरिनेछ।

१४५. सार्वजनिक सम्पत्तिको संरक्षण, अभिलेखीकरण तथा उपयोगको पारदर्शी प्रणाली विकास गरिनेछ।

१४६. पूर्वाधारको दोहोरो उपयोग, लागत प्रभावकारिता तथा दीर्घकालीन प्रतिफल सुनिश्चित गरिनेछ।

१४७. प्रविधिमैत्री अनुगमन प्रणालीमार्फत पूर्वाधारको अवस्था नियमित मूल्याङ्कन गरिनेछ।

बैठक संख्याः १३-२०८२/८३
बैठक मितिः २०८३/३/९, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

**वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ**

१४८. नगर क्षेत्रभित्र वन, जैविक विविधता, जलस्रोत तथा प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धन र दिगो उपयोगलाई प्राथमिकता दिइनेछ।

१४९. वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा नगर सौन्दर्यीकरण कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ।

१५०. प्लास्टिक तथा एकल-प्रयोग (Single-Use) सामग्रीको प्रयोग न्यूनीकरण गर्दै वातावरणमैत्री व्यवहारलाई प्रोत्साहन गरिनेछ।

१५१. फोहोरमैला व्यवस्थापनलाई स्रोतमा वर्गीकरण, पुनःप्रयोग (Reuse) र पुनर्चक्रण (Recycle) प्रणालीमा आधारित बनाइनेछ।

१५२. स्वच्छ हावा, स्वच्छ पानी तथा स्वस्थ वातावरण सुनिश्चित गर्न प्रदूषण नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ।

१५३. जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरूलाई स्थानीय योजना प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ।

१५४. वन उपभोक्ता समूह तथा समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापन प्रणालीलाई सुदृढ बनाइनेछ।

१५५. नदी, खोला, तालतलैया तथा जलाधार क्षेत्रहरूको संरक्षण तथा पुनःस्थापनामा विशेष जोड दिइनेछ।

१५६. वातावरणीय शिक्षा तथा जनचेतनामूलक कार्यक्रम मार्फत समुदायमा वातावरणीय उत्तरदायित्व अभिवृद्धि गरिनेछ।

१५७. विकास आयोजना कार्यान्वयन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) को कडाइका साथ कार्यान्वयन गरिनेछ। नगरस्तरीय तथा राष्ट्रिय गौरवका आयोजनाहरुलाई आवश्यक पर्ने स्थानीयस्तरमा उपलब्ध ढुङ्गा, गिट्टी तथा गिट्टीजन्य वस्तु लगायतका स्रोत नगरपालिकाको "***ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२***" तथा अन्य प्रचलित कानून बमोजिम उपलब्ध गराउन सहजीकरण गरिनेछ।

१५८. विपद् जोखिम न्यूनीकरणलाई विकास योजनाको अभिन्न अङ्गका रूपमा समावेश गरी सङ्घीय तथा प्रादेशिक निकायहरुसँग समन्वयात्मक सहयोग सुनिश्चित गरी सुरक्षित नगर निर्माण गरिनेछ।

१५९. बाढी, पहिरो, भूकम्प, आगलागी तथा अन्य प्राकृतिक तथा मानवजन्य विपद्को पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापनालाई सुदृढ बनाइनेछ।

१६०. विपद् व्यवस्थापनका लागि, संस्थागत संरचना, स्रोत साधन तथा जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ।

१६१. प्रारम्भिक चेतावनी प्रणाली (Early Warning System) तथा सूचना प्रविधिमा आधारित विपद् सूचना प्रणालीको विकास गर्न आवश्यक सक्रियता लिइनेछ ।

१६२. विपद् जोखिम क्षेत्रहरूको पहिचान, नक्साङ्कन तथा जोखिम न्यूनीकरण योजना निर्माण गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१६३. सामुदायिक विपद् व्यवस्थापन समिति तथा स्वयंसेवकहरूको परिचालनलाई प्रभावकारी बनाइनेछ।

१६४. सुरक्षित आवास, सुरक्षित पूर्वाधार तथा सुरक्षित बस्ती विकासलाई प्राथमिकता दिइनेछ।

१६५. विपद् प्रभावित नागरिकका लागि राहत, उद्धार, पुनर्स्थापना तथा पुनर्निर्माण कार्यक्रमलाई व्यवस्थित गरिनेछ।

१६६. विपद् बीमा तथा जोखिम वित्तीय व्यवस्थापन प्रणालीलाई प्रोत्साहन गरिनेछ।

१६७. नियमित अभ्यास, जनचेतना तथा क्षमता विकास कार्यक्रममार्फत समुदायमा विपद् प्रतिरोधी संस्कृतिको विकास गरिनेछ।

५. प्रस्ताव नं. (५) माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/८४ मा यस नगरपालिकाले उठाउने कर तथा गैरकर राजस्व, सोको दर हेरफेर तथा पुनरावलोकन लगायत अख्तियार गरिने आर्थिक नीति तथा सोको कार्यान्वयन गर्ने सम्बन्धमा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला तथा स्थानीय राजस्व परामर्श समितिमा विभिन्न मितिमा छलफल भई प्राप्त देहाय बमोजिमका "*धर्मदेवी नगरपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३*" आगामी नगरसभाको बैठकमा छलफलको लागि पेश गर्ने।

## धर्मदेवी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

छुट्टै फाइलमा संलग्न छ ।

६. प्रस्ताव नं. (६) माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि देहाय बमोजिमको अनुमानित बजेट सिलिङको सीमा भित्र रही प्रत्येक वडामा रु. ५०,००,०००/- (अक्षरेपीः पचास लाख) मात्र का दरले बजेट सिलिङ उपलब्ध गराउने गरी तथा निर्णय नं. (४) बाट प्रस्तावित आगामी आर्थिक वर्षका लागि तयार भएको नीति तथा कार्यक्रमलाई पक्षपोषण हुने गरी समग्र बजेट व्यवस्थापन हुन आगामी नगरसभाको बैठकमा पेश गर्ने।

**आगामी आ.व. २०८३/८४ का लागि प्राप्त अनुमानित बजेट सिलिङ**

| क्र.सं. | स्रोत | तह | प्राप्त शिलिङ (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | वित्तीय समानिकरण अनुदान | सङ्घीय सरकार | ११,७२,००,०००/- | शिलिङ प्राप्त |
| २ | राजश्व बाँडफाँड | सङ्घीय सरकार | ८,४१,०४,०००/- | शिलिङ प्राप्त |
| ३ | समपुरक अनुदान | सङ्घीय सरकार | १,००,००,०००/- | शिलिङ प्राप्त (मुढे केवा बेशी सडक कालोपत्रे) |
| ४ | सशर्त अनुदान चालु | सङ्घीय सरकार | २०,३९,००,०००/- | शिलिङ प्राप्त |
| ५ | सशर्त अनुदान पुँजिगत | सङ्घीय सरकार | ८६,००,०००/- | शिलिङ प्राप्त |
| ६ | बिषेश अनुदान | सङ्घीय सरकार | ४५,००,०००/- | शिलिङ प्राप्त |
| ७ | वित्तीय समानिकरण अनुदान | प्रदेश सरकार | १,११,०८,०००/- | अनुमान |
| ८ | राजश्व बाँडफाँड | प्रदेश सरकार | ६९,४४,८९३/- | अनुमान |
| ९ | समपुरक अनुदान | प्रदेश सरकार | १,४०,००,०००/- | अनुमान |
| १० | सशर्त अनुदान चालु | प्रदेश सरकार | ७५,४०,०००/- | अनुमान |
| ११ | सशर्त अनुदान पुँजिगत | प्रदेश सरकार | ९५,२६,०००/- | अनुमान |
| १२ | आन्तरिक राजश्व | आन्तरिक स्रोत | १,००,००,०००/- | अनुमान |
| १३ | राजश्व बाँडफाँड स्थानीय सरकार | आन्तरिक स्रोत | ५,००,०००/- | अनुमान |
| १४ | बैक मौज्दात | आन्तरिक स्रोत | ५,००,००,०००/- | अनुमान |
| १५ | धरौटी | आन्तरिक स्रोत | १,००,००,०००/- | अनुमान |
| १६ | अन्य कोष खाता | आन्तरिक स्रोत | - | - |
| | जम्मा | | ५४,७९,२२,८९३/- | |

७. प्रस्ताव नं. (७) माथि छलफल गर्दा मिति २०८३/३/१० गते बस्ने नगरसभाको सोह्रौं अधिवेशनको पहिलो बैठकबाट अनुमोदन हुने गरी देहाय बमोजिमको बजेट पारित हुने कार्यतालिका स्वीकृत गरी नगरसभामा पेश गर्ने।

**बैठक संख्याः** १३-२०८२/८३
**बैठक मितिः** २०८३/३/९, **समयः** पूर्वान्ह ९:३० बजे
**स्थानः** धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

**कार्यतालिका**

| क्र.सं. | क्रियाकलाप | मिति |
|---|---|---|
| १ | नगरसभा मातहतका विषयगत समितिमा दफाबार छलफल तथा बजेटको मस्यौदा सिफारिस | २०८३/३/१७ गते सम्म |
| २ | विषयगत समितिको सिफारिस बमोजिम नगर कार्यपालिकामा छलफल तथा परिमार्जन भई बजेटलाई अन्तिम रुप दिने। | २०८३/३/२१ गते सम्म |
| ३ | विषयगत समिति तथा नगर कार्यपालिकाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा नगरसभामा पुनः दफाबार छलफल | २०८३/३/२२ गते देखि २०८३/३/२८ गते सम्म |
| ४ | नगरसभाबाट बजेट स्वीकृति | २०८३/३/२९ गते सम्म |

८. प्रस्ताव नं. (८) उपर छलफल गर्दा देहाय बमोजिमका योजनाको देहाय बमोजिमका अवस्था विश्लेषण गरी देहाय बमोजिम म्याद थप गर्ने :-

क) **याक्खा चोक बिहिबारे सडक**

नगरपालिकाको आ.व. २०८२/८३ को "याक्खा चोक बिहिबारे सडक" योजना कार्यान्वयनका लागि भ्याट, पि.एस. र कन्टिन्जेन्सि सहित रु. ५८,४३,५००.०८ (अक्षरेपीः अन्ठाउन्न लाख त्रिचालीस हजार पाँच सय रुपैयाँ पैसा आठ मात्र) को लागत अनुमान स्वीकृत भई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम इ-विडिङ मार्फत ठेक्का प्रक्रिया अगाडि बढाइएकोमा तोकिएको समयसीमा भित्र रितपुर्वक पेस भएका वोलपत्रहरु मध्ये Jubin-Mamling J.V., धर्मदेवी-४, सङ्खुवासभाको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेकोले उक्त निर्माण कम्पनीले पेस गरेको भ्याट र पि.एस. सहित रु. ३४,८०,००२.१४ (अक्षरेपीः चौतीस लाख असी हजार दुई रुपैयाँ पैसा चौध मात्र।) को बोलपत्र स्वीकृत गरी यस कार्यालय र Jubin-Mamling J.V., धर्मदेवी-४, सङ्खुवासभा बीच मिति २०८२/१०/१५ मा सम्झौता भएको,

उक्त सम्झौता बमोजिमको निर्धारित समयसीमा मिति २०८३/३/१५ गते भित्र निम्न कारण देखाई कार्य सम्पन्न गर्न नसक्ने भनी उक्त निर्माण व्यावसायीले म्याद थप गरी पाऊँ भनी मिति २०८३/२/१५ मा निवेदन दिएको :-

- विभिन्न निर्माण सामग्रीहरुको मूल्य वृद्धि तथा निर्माण स्थलमा निरन्तर वर्षाको कारणले निर्धारित समयमा कार्य सम्पन्न हुन सक्ने अवस्था नरहेको।

सो सम्बन्धमा थप भएको म्याद भित्र कार्य सम्पन्न हुने सुनिश्चितता सहित सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम निवेदकको म्याद मिति २०८३/५/३१ सम्म थप गर्ने।